आज मिति २०८०।०७।१६ गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती:-

१) गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
२) " उपाध्यक्ष श्री कान्ता अधिकारी
३) " प्रवक्ता श्री प्रकाश रायमाझी
४) वडा अध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
५) " " " २ श्री ओम प्रसाद पोखरेल
६) " " " ३ श्री नारायण बहादुर
७) " " " ४ श्री सोम बहादुर कार्की
८) " " " ५ श्री मन बहादुर अस्लामी
९) " " " ६ श्री दान बहादुर कुँवर
१०) " " " ८ श्री चुरा बहादुर ह्वरी मगर
११) कार्यपालिका सदस्य श्री मिना राना
१२) " " श्री रञ्जना खनाल आचार्य
१३) " " श्री गोमा थापा
१४) " " श्री शर्मिला नेपाली
१५) " " श्री गीता कौशल
१६) " " श्री सुनिल बस्याल
१७) सदस्य सचिव श्री मदन अर्याल
१८) आमन्त्रित श्री खड्ग लाल भट्टराई प्रशासन शाखा प्रमुख

प्रस्तावहरु

१. परामर्शदाता सम्बन्धमा,

२. आयुर्वेद औषधालयको बजेट बाँडफाँड सम्बन्धमा,

३. किसान सूचीकरणको लागि अपुग बजेट व्यवस्था सम्बन्धमा,

४. कार्यविधि सम्बन्धमा,

५. बजेट पुस्तिकाको सि नं १३७ कार्यान्वयन सम्बन्धमा,

६. विद्यालयहरु मर्ज सम्बन्धमा,

७. विविध।

**निर्णयहरु :**

१. लेखा अधिकृत श्री मन्जु पन्थी उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयमा काजमा खटिई गएको तथा लेखा समूहका अधिकृत छैठौ श्री विष्णु प्रसाद ढकाल अनिवार्य अवकाश भई लेखा समूहका दुबै कर्मचारी रिक्त भएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०५।१० को पत्रानुसार माथागढी गाउँपालिकाको साथै यस पालिकाको समेत आर्थिक प्रशासन सम्बन्धी कामकाज गर्न लेखा सहायक श्री टिकाराम बस्याल माथागढी गाउँपालिकाबाटै तलब भत्ता भुक्तानी हुने गरी यस कार्यालयमा आंशिक रुपमा खटिई आएको र लेखा समूहको कर्मचारीको अभाव भएकोले आ.व. ०७९/८० को बेरुजु सम्परीक्षण कार्यमा सहजीकरण गर्ने र यस कार्यालय स्थापना भए देखि (आ.व. ०७३/०७४) हाल सम्मको बेरुजुको लगत तयार गर्न ४५ कार्य दिन तोकी सेवा परामर्श शिर्षकबाट एकमुष्ठ रु.५०,०००/- (अक्षेरुपी पचास हजार) पारिश्रमिक उपलब्ध गराउने गरी आर्थिक प्रशासन सम्बन्धी लामो अनुभव प्राप्त गरेका यसै कार्यालयबाट लेखा समूह अधिकृत छैठौ पदबाट अवकाश प्राप्त श्री विष्णु प्रसाद ढकाललाई परामर्शदाताको रुपमा नियुक्ति गर्ने निर्णय गरियो।

२. आयुर्वेद औषधालयको बजेट बाँडफाँड तपशिल बमोजिम गर्ने निर्णय गरियो।

| सि नं | विवरण | बजेट रकम रु |
|---|---|---|
| १ | आयुर्वेद औषधि खरिद | ४५०००० |
| २ | स्वस्थ जीवनशैली योग कार्यक्रम | २००००० |
| ३ | जडिबुटी प्रवर्द्धन | १००००० |
| ४ | नागरिक आरोग्य (गाउँघर) क्लिनिक सञ्चालन | १००००० |
| ५ | औषधालय व्यवस्थापन विविध खर्च | १५०००० |
| जम्मा | | १०००००० |

३. किसान सूचीकरणको लागि अपुग बजेट रु २,००,०००/- कृषि ऋणमा व्याज अनुदान शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

४. महिला समूह तथा महिला सञ्जाल गठन, सञ्चालन एवं व्यवस्थापन कार्यविधि २०८० र खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि २०८० माथि थप छलफल गरी आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

५. बजेट पुस्तिकाको सि.नं १३७ मा रहेको रिब्दीकोट उद्यम विकास प्राधिकरण गठन गर्नको लागि आवश्यक प्रक्रियाहरु अगाडि बढाउन तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल :-

(क) संयोजक श्री विष्णु प्रसाद ज्ञवाली, त.न.प. ४

(ख) सदस्य श्री सुनिल बस्याल, कार्यपालिका सदस्य

(ग) सदस्य सचिव श्री रन्जिव कुँवर, ना.प्रा.स.

६. विद्यार्थी संख्या कम भएका विद्यालयहरु मर्ज गर्न विद्यालयसँग सम्बन्धित पक्षहरु: व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदाय लगायतको सहभागितामा विद्यालय देखि टाढाको भौगोलिक दुरीमा रहेका विद्यार्थीहरुको व्यवस्थापन हुने गरी सम्बन्धित वडा समिति मार्फत विद्यालय मर्ज गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

७. (क) लेखा अधिकृत श्री मन्जु पन्थी यसै कार्यालयबाट तलब भत्ता लिने गरी मिति २०८०।०४।०८ गते देखि उर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयमा काज खटिई गएकोमा यस कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्न कठिनाई भएकोले निज लेखा अधिकृतलाई काज फिर्ता गराउन आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ व २०८०।०८१ को लागि तपशिलका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

| सि नं | योजनाको नाम | वडा नं |
|---|---|---|
| १ | मो.बा मा नाली निर्माण तथा मर्मत | १ |
| २ | गोरेटोबाटो मर्मत तथा भल निकास | १ |
| ३ | देउराली बजार देखि ठाटी सम्म मो.बा.मा वाल निर्माण | २ |
| ४ | देउराली बजार देखि डुम्रीपोखरा सम्म पक्की नाली निर्माण | २ |
| ५ | कच्ची नाली तथा गोरेटोबाटो निर्माण | ३ |
| ६ | पूर्णाकोट पर्यटन पदमार्ग निर्माण | ४ |
| ७ | भारकोट भलिबल कोट निर्माण | ४ |

CamScanner

| | | |
|---|---|---|
| ९ | पर्यटन सम्बन्धी ट्रेकिङ तथा साइक्लिनिङ मार्ग निर्माण | ५ |
| १० | बहर्गा देखि वडा कार्यालय भवन मोटरबाटो नाली निर्माण | ६ |
| ११ | टिमुरडाँडा देखि लुलिभट्टी मोटरबाटोमा नाली निर्माण | ६ |
| १२ | सामूहिक कृषि उत्पादन | ७ |
| १३ | नाली मर्मत | ७ |
| १४ | गोरेटोबाटो तथा कजवज निर्माण | ८ |
| १५ | मोटरबाटोमा वाल निर्माण | ८ |

(ग) आ.व. २०८०/०८१ को लागि कार्यालयले तयार गरेको मेडिकल औषधि, आयुर्वेद औषधि र पशुजन्य औषधिको दर रेट स्वीकृत गरियो। साथै उक्त औषधिहरु इ-बिडको माध्यमबाट खरिद गर्ने निर्णय गरियो।

(घ) मिति २०८०/०७/०३ गते बसेको रिब्दीकोट गाउँपालिकाको विपद अनुगमन समितिको बैठकको निर्णय अनुमोदन गरियो।

CamScanner